# नववर्षको उत्सव र क्रिसमस

[ नेपाली - Nepali - نيبالي ]

लेखकः अतीकुर्रहमान मो.इदरीस खान मक्की

संशोधकः मुहम्मद इदरीस सलफी

2014 - 1436

IslamHouse.com

# عيد رأس السنة والكريسماس

« باللغة النيبالية »

تأليف: عتيق الرحمن محمد إدريس خان مكي

المراجعة: محمد إدريس سلفي

2014 - 1436

IslamHouse.com

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ ।

पुस्तक पाइने ठेगाना -:
□इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७-९८४७०३०७८०
९८१४४९९१४०
□इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज सउदी अरबीया

Email- atiqkhannp1982@yahoo.com

# प्रस्तावना

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले सर्म्पूण ब्रह्माण्डलाई सृष्टि गऱ्यो, र मानवलाई ज्ञान प्रदानगरी सर्वश्रेष्ठ जीवधारी बनायो। र अल्लाहको कृपा र शान्ति अवतरित होस् अल्लाहका समस्त दूतहरू माथि र विशेषगरी समस्त सन्देष्टाहरूको समापक अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि जहाँको अनुयायी हनुको हामीलाई गौरव प्राप्त छ। र शान्ति होस् उहाँका घरपरिवार र उहाँका मनोनीत साथीहरू माथि जहाँहरूले यस सर्वव्यापी धर्मलाई पूर्ण संसार सम्म पुऱ्याए, र अल्लाह उनीसित प्रसन्न भएर भन्यो कि तमिीहरू जे मनपरे गर मतिमीहरूलाई माफ गरें। र शान्ति होस् उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र इस्लामको उन्नति र प्रगतिमा सहभागी भए, र मुहम्मदको पद्धतिलाई उत्तम मानी उसैमाथि कार्यरतरही आफ्नो जीवन व्यतीत गरे।

प्रस्तुत पुस्तिकामा मैले नववर्षको उत्सव अर्थात ईस्वी संवतको सालको पहिलो दिन, वा ईसा मसीहको जन्म दिवसको रूपमा मनाइने पर्वको बारेमा संक्षेपमा कुरआन र हदीसको प्रकाशमा वर्णन गर्ने प्रयास गरेको छु।

मलाई आशा छ कि यो सानो पुस्तिका तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ । यसर्थ अल्लाह यसबाट तपाईहरूलाई फाइदा पुऱ्याई मलाई आफ्नो दयाको पात्र बनाउन् । अल्लाह सित विन्ती छ कि मेरो यो सानो प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन् (आमीन)


**लेखक**

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा**

**तौलिहवा कपिलवस्तु नेपाल**

**मो.नं.** ००९७७–९८४७०३०७८०,९८१४४९९१४०

**Mob.00977-9727649238,9814499140**

बिस्मिल्लाहिर्रहमानिर्रहीम

यस संसारमा जति पनि मानव छन् सबै खुशी र प्रसन्नता जाहेर गर्ने प्रयत्न गर्छन र त्यसको लागि थरी थरीका क्रियाकलाप र दिवसहरू मनाउँछन् जसमध्ये क्रिसमसको दिवस पनि हो जुन २५ दिसम्बरको दिन मनाइन्छ, र नववर्षको उत्सव पनि हो जुन ईस्वी संवतको पहिलो तारीख १ जन्वरीको दिन मनाइन्छ र दुवै ईसाईहरूका पर्व हुन् । अल्लाहको फर्मान छ :

﴿ ثُمَّ قَفَّيْنَا عَلَىٰٓ ءَاثَٰرِهِم بِرُسُلِنَا وَقَفَّيْنَا بِعِيسَى ٱبْنِ مَرْيَمَ
وَءَاتَيْنَٰهُ ٱلْإِنجِيلَ وَجَعَلْنَا فِى قُلُوبِ ٱلَّذِينَ ٱتَّبَعُوهُ رَأْفَةً وَرَحْمَةً
وَرَهْبَانِيَّةً ٱبْتَدَعُوهَا مَا كَتَبْنَٰهَا عَلَيْهِمْ إِلَّا ٱبْتِغَآءَ رِضْوَٰنِ ٱللَّهِ فَمَا
رَعَوْهَا حَقَّ رِعَايَتِهَا ۖ فَـَٔاتَيْنَا ٱلَّذِينَ ءَامَنُوا۟ مِنْهُمْ أَجْرَهُمْ ۖ وَكَثِيرٌ مِّنْهُمْ
فَٰسِقُونَ ﴿٢٧﴾ ﴾ الحديد: ٢٧

अर्थ : अनि उनीहरू पछि पनि हामीले एक पछि अर्को रसूल पठाउँदै गऱ्यौं र उनी पछि "मरियमका" छोरा "ईसा(अ.)लाई" पठायौं र उनलाई "इन्जील" प्रदान गऱ्यौं र उनको अनुशरण गर्नेहरूको हृदयमा हामीले करुणा र दया सृजना गऱ्यौं । रह्‍यो सन्यासको कुरा त उनीहरूले स्वयं बनाएका थिए हामीले त्यसलाई

उनीहरूका निम्ति अनिवार्य गरेका थिएनौं यदि अनिवार्य गरेका थियौं त केवल अल्लाहको प्रसन्नताको चाहना । अनि उनीहरूले त्यसको निर्वाह गर्न सकेनन् । अतः ती मानिसहरूलाई जो तिनीहरू मध्ये ईमान ल्याएका थिए, उनीहरूलाई उनको प्रतिफल हामीले प्रदान गऱ्यौं । तर उनीहरूमध्ये धेरै अवज्ञाकारी नै छन् । ( सूरतुल् हदीद २७ )

समस्त ईसाईहरू र विशेषगरी ईसाईहरूका काथुलिक र बरोतिस्तान्त ग्रुप ईस्वी संवतको आरम्भमा अर्थात जनवरीको महिनामा धेरै पर्वहरू मनाउँछन् जसमध्ये गतासको पर्व र फुसहको पर्व र ईसा मसीहको जन्म दिवस क्रिसमस .. आदि हुन् । त ईसा मसीहको जन्म दिवस अर्थात क्रिसमस डे नै पूर्ण विश्वमा प्रख्यात छ जसलाई अधिकांश नास्तिकहरू मनाउँछन् र केही अज्ञानी र अनभिज्ञ मुसलमानहरू पनि मनाउँछन् ।

त यो पर्व खासगरी ईसाईहरूको पर्व हो, र अल्लाहले मुसलमानहरूलाई दुई पर्व प्रदान गरेर समस्त पर्वहरूबाट निस्पृह गरिदिएको छ । अल्लाहको फर्मान छ :

﴿لِّكُلِّ أُمَّةٍ جَعَلْنَا مَنسَكًا هُمْ نَاسِكُوهُ ۖ فَلَا يُنَازِعُنَّكَ فِي
ٱلْأَمْرِ ۚ وَٱدْعُ إِلَىٰ رَبِّكَ ۖ إِنَّكَ لَعَلَىٰ هُدًى مُّسْتَقِيمٍ ﴿٦٧﴾﴾ الحج: ٦٧

अर्थ : प्रत्येक समुदायको निम्ति हामीले उपासनाको एउटा रीति निर्धारित गरिसकेका छौं जसको पालना उनीहरूले गर्दछन्। तसर्थ यिनीहरूले तपाईसित यस कुरामा झगडा नगरुन् र तपाईले (मानिसहरूलाई) आफ्नो पालनकर्तातिर बोलाउँदै गर्नु , निःसन्देह तिमी सोझो मार्गमा छौ । ( सूरतुल् हज्ज ६७ )

त प्रत्येक समुदायको आफ्नो विशेष तरिका र पद्धति छ, यसर्थ मुसलमानहरूको तौरतरिका र पद्धति सबैभन्दा भिन्न छ यसलेगर्दा जुन मुसलमान व्यक्ति पनि यस ईसाई पर्वलाई मनाउँछ त्यो उनीहरू मध्येको भइहाल्छ जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : जसले कुनै सम्प्रदायको अनुरूपता अख्तियार गऱ्यो त्यो त्यसै सम्प्रदाय मध्येको भइहाल्यो । ( अबूदाऊद )

त समस्त मानवजाति, सम्प्रदाय र धर्मावलम्बीहरूका विशेष पर्वहरू छन्, र इस्लाम पनि आफ्नो विधानमा र निर्देशनहरूमा परिपूर्ण छ त्यसमा कुनै प्रकारको कमी छैन अल्लाहको फर्मान छ :

﴿ ٱلۡيَوۡمَ أَكۡمَلۡتُ لَكُمۡ دِينَكُمۡ وَأَتۡمَمۡتُ عَلَيۡكُمۡ نِعۡمَتِي وَرَضِيتُ لَكُمُ ٱلۡإِسۡلَٰمَ ﴾ المائدة: ٣

अर्थ : आज हामीले तिम्रो निम्ति तिम्रो धर्मलाई पूर्ण गरिसकेका छौं र तिम्रालागि आफ्ना कृपाहरू पूरा गरिसकेका छौं र तिम्रो लागि इस्लाम धर्म रोज्यौं.. । ( सूरतुल् माइदः ३ )

त अल्लाहले मुसलमानहरूको लागि पनि दुई पर्व बनाएका छन् जसमा उनीहरू अआफ्ना प्रसन्नताको दर्शन गरुन् र खुशीले रमाउन्, जस्तोकि हदीसमा वर्णन छ :

अर्थ : हजरत अनस रजिअल्लाहो अन्होको भनाई छ कि जब रसूल सल्लल्लाहो अलैहे वसल्लम प्रवास गरेर मदीना प्रस्थान गरे त मदीना बासीहरूका दुई दिन निर्धारित थिए जसमा उनीहरू खेलेर रमाउँथे, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले ती दिनहरूको बारेमा सोधे, त उहाँलाई उत्तर दिइयो कि हे अल्लाहका रसूल यो दुवै दिनमा हामीहरू अनभिज्ञकालमा खेलेर रमाउँथें, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः कि यी दुवै दिनको सट्टामा अल्लाहले तिमीहरूलाई यसभन्दा अधिक राम्रो र उत्तम दिन प्रदान गरेको छ र त्यो हो ईदुल् फित्र र ईदुल अजहाको दिन । ( अबूदाऊद )

र इस्लाममा यस्ता घटनाहरू घटित भएका थिए जसलाई पर्वको रूपमा मनाइन सकिन्थ्यो जसरी नबी सल्लल्लाहो अलैहे वसल्लमको जन्म दिनको दिवस, इसरा र मेअ्राजको दिनको दिवस, प्रवासको दिनको दिवस, मक्का विजयको दिवस,... आदि । तर इस्लामले यस्ताखालका दिवसहरूलाई वैध गरेको छैन, नत रसूल सल्लल्लाहो अलैहे वसल्लम र उहाँका साथीहरूले नै यस्ता दिवसहरू मनाएका छन्, तसर्थ जुन दिवस उहाँहरूले मनाएका छैनन् नत इस्लामले नै त्यसको अनुमति दिएको छ त्यसलाई मनाउनु बिदअत हो अर्थात इस्लाममा नौलो कार्य अविष्कार गर्नु हो, र यसको इस्लाममा कुनै स्थान छैन, इस्लाममा त्यो अमान्य र अस्वीकृत छ किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : जसले यस इस्लाम धर्ममा कुनै यस्तो कार्य अविष्कार गऱ्यो जसलाई हामीले गर्ने आदेश गरेका छैनौं त त्यो कार्य अमान्य छ । ( बुखारी, मुस्लिम )

त जब यस्ता दिनहरूलाई दिवसको रूपमा मनाउनु अमान्य र अवैध छ जुन इस्लाममा महत्वपूर्ण छन् र जसको महत्व इस्लामबाट

प्रमाणित छ त क्रिसमसको दिवस मनाउनु र नववर्षको उत्सव मनाउनु कसरी मान्य र वैध हुन्सक्छ ? र यसजस्ता ती सबै दिवसहरू जसरी जन्म दिवस, आमा दिवस, स्वतन्त्रता दिवस, प्रेम दिवस, ... आदि जसलाई काफिर र नास्तिकहरू मनाउँछन् ती सबै इस्लाम धर्ममा वर्जित र अवैध छन् । किनकि हाम्रो धर्म इस्लामले यसलाई मनाउने आदेश गरेको छैन, र यसकारण पनि कि यसबाट काफिरहरूको अनुरूपता प्रकट हुन्छ र तीनीहरूको समर्थन गर्नुको बोध हुन्छ, र यसकारण पनि कि यस्ता दिवसहरूमा अमानवीय अवैधानिक र अश्लील कार्यहरू गरिन्छ ... आदि ।

र यस दिवसलाई र यसजस्ता समस्त दिवसहरूलाई निम्नका प्रख्यात धर्मविद्हरूले बिदअत भनेका छन् : शैखुल् इस्लाम इब्ने तैमिया, शैख अब्दुल अजीज इब्ने बाज, शैख मुहम्मद बिन सालेह अल् उसैमीन, शैख नासिरुद्दीन अल्बानी, शैख मुहम्म्द बिन इब्राहीम, अल्लामा इब्ने कैयिम ।

यसलेगर्दा हे भाइ ! क्रिसमस र नववर्ष  जस्तो अवैध दिवसको आयोजना गर्नुबाट आफूलाई र आफ्ना घरपरिवारलाई जोगाउनुस्, र अल्लाह र

अल्लाहको रसूल सल्लल्लाहो अलैहे वसल्लमको आज्ञापालन गर्नुस् र उहाँहरूको आदेशको उल्लंघन र विरोध नगर्नुस्, किनकि जसले पनि अल्लाह र अल्लाहका रसूलको विरोध गर्छ त्यसको लागि कष्टदायक सजाय प्रतिक्षामा हुन्छ अल्लाहको फर्मान छ :

﴿ لَّا تَجْعَلُوا۟ دُعَآءَ ٱلرَّسُولِ بَيْنَكُمْ كَدُعَآءِ بَعْضِكُم بَعْضًا ۚ قَدْ يَعْلَمُ ٱللَّهُ ٱلَّذِينَ يَتَسَلَّلُونَ مِنكُمْ لِوَاذًا ۚ فَلْيَحْذَرِ ٱلَّذِينَ يُخَالِفُونَ عَنْ أَمْرِهِۦٓ أَن تُصِيبَهُمْ فِتْنَةٌ أَوْ يُصِيبَهُمْ عَذَابٌ أَلِيمٌ ﴿٦٣﴾ ﴾ النور: ٦٣

अर्थ : मोमिनहरू ! तिमीहरूले अल्लाहको रसूलले बोलाएकोलाई तिमी आपसमा एक अर्कालाई बोलाए जस्तो न ठान । नि:सन्देह अल्लाहलाई ती मानिसहरूबारे थाहा छ, जो तिमीहरूमध्ये आँखा छलेर बेवास्ता गरी गोप्य रूपले हिंडी हाल्छन्, हेर जसले उनको आदेशको अवहेलना गर्दछन्, उनीहरूलाई तर्सनु पर्छ कि कहीं यस्तो न होस्, कि उनीहरू माथि कुनै ठूलो विपत्ति आइपरोस् अथवा उनीहरू माथि कुनै दु:खद् यातना आइलागोस् । ( सूरतुन्नूर ६३ )

यसर्थ रसूल सल्लल्लाहो अलैहे वसल्लमको आज्ञापालन गर्नुस् र उहाँको आदेशको उल्लंघन

र विरोध नगर्नुस्, बरु उनको पद्धतिलाई नै आफ्नो जीवनशैली बनाउनुस् किनकि उनी नै हामीहरूको लागि आर्दश हुन्, अल्लाहको फर्मान छ :

﴿ لَّقَدْ كَانَ لَكُمْ فِي رَسُولِ ٱللَّهِ أُسْوَةٌ حَسَنَةٌ لِّمَن كَانَ يَرْجُواْ ٱللَّهَ وَٱلْيَوْمَ ٱلْأَخِرَ وَذَكَرَ ٱللَّهَ كَثِيرًا ﴿٢١﴾ ﴾ الأحزاب: ٢١

अर्थ : निःसन्देह तिम्रो निम्ति अल्लाहको रसूलमा एउटा उत्तम आदर्श छ, प्रत्येक त्यस व्यक्तिको लागि जसले अल्लाह र अन्तिम दिनको आशा राख्दछ, र अल्लाहलाई अधिक स्मरण गर्दछ । ( सूरतुल् अहजाब २१ )

त रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई आफ्नो आदर्श बनाई उहाँको पद्धति अनुसार आफ्नो जीवनलाई व्यतीत गर्ने प्रयत्न गर्नुस्, अल्लाह सबैलाई यस्तो गर्ने सौभाग्य प्रदान गरुन् त्यो नै सबैकार्यमा सामर्थ्यवान छ ।

अन्तमा अल्लाह सित प्रार्थना छ कि अल्लाह हामीलाई धर्म इस्लामलाई पूर्णरूपले स्वीकार गर्ने सौभाग्य प्रदान गरुन् । र त्यसका समस्त निर्देशनहरूलाई अपनाई त्यसबाट लाभान्वित हुने सुअवसर प्रदान गरुन् । र हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन् । र हाम्रा निःसंतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी

उहाँहरूको मुटुलाई शीतल पारुन् । र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौ त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परिणत गरुन्, र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

## ***समाप्त***


***लेखक***

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

कपिलवस्तु नगरपालिका वॉड नं.९

महुवा तौलिहवा कपिलवस्तु

नेपाल

Mob. No.00977-9847030780-9727649238

00966-0501372254

Email- atiqkhannp1982@yahoo.com